संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६५ मङ्सिर ६**

## आदिवासी जनजातिसम्बन्धी विशेष प्रतिवेदकले नेपाल भ्रमण गर्ने

आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदक एस. जेम्स अनायाले सरकारको निमन्त्रणामा मङ्सिर ९ देखि १७ गतेसम्म नेपालको भ्रमण गर्नुहुनेछ।

नौदिने भ्रमणका क्रममा विशेष प्रतिवेदकले काठमाडौं र पूर्वाञ्चल, मध्यमाञ्चल तथा सुदूरपश्चिमाञ्चल क्षेत्रको भ्रमण गरी सरकारका प्रतिनिधि, आदिवासी समुदाय तथा नागरिक समाजका समूहहरूसँग आदिवासी जनजातिका मानवअधिकारहरूबारे छलफल गर्नुहुनेछ। विशेष प्रतिवेदकले सरकारमा आदिवासीहरूको प्रतिनिधित्व तथा सहभागिता तथा संविधानमा आदिवासीहरूको मुद्दालाई समावेश गर्ने, भूमि तथा संसाधनका मुद्दा, आईएलओ महासन्धि नं. १६९ को कार्यान्वयन र आदिवासी महिलाका अधिकारहरूजस्ता मुद्दाहरूको खोजी गर्न चाहनुहुन्छ।

उहाँको भ्रमणको अन्त्यमा काठमाडौंमा एउटा पत्रकार सम्मेलन हुनेछ र भ्रमणका निष्कर्षहरूलाई विशेष प्रतिवेदकले मानवअधिकार परिषद्को आउँदो बैठकमा प्रस्तुत गर्नुहुनेछ।

कृपया यसैसाथ संलग्न जानकारी टिपोट पढ्नुहोस्।

विशेष प्रतिवेदकको कार्यदिशसम्बन्धी थप जानकारीका लागि देहायको वेबसाइट हेर्नुहोस्:
http://www2.ohchr.org/english/issues/indigenous/rapporteur/

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**
**Website: http://nepal.ohchr.org**

## मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

# आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदकको भ्रमण

## २०६५ मङ्सिर ९ – १७

**देशीय भ्रमण**

आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदक जेम्स अनायाले नेपाल भ्रमणका लागि गरेको अनुरोधलाई नेपाल सरकारले सकारात्मक रूपले प्रतिक्रिया दिएको छ। भ्रमणको कार्यक्रम २०६५ मङ्सिर ९ – १७ सम्म रहेको छ र सो अवधिमा विशेष प्रतिवेदक र सम्बद्ध सरोकारवालाहरूबीच संवाद तथा गहन परामर्श हुनेछ। विशेष प्रतिवेदकले सरकारी प्रतिनिधि, आदिवासी जनजाति समुदाय तथा सङ्गठन, राष्ट्रिय मानवअधिकार संयन्त्रहरू तथा नागरिक समाजका प्रतिनिधिहरूलाई भेट गर्नुका साथै उनीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाँले मुलुकमा भएका संयुक्त राष्ट्रसङ्घीय निकायहरूसँग पनि भेट गर्ने कार्यक्रम छ।

विशेष प्रतिवेदक, अन्य कुराका अतिरिक्त, आदिवासी जनजातिका प्रतिनिधिहरूको सरकारमा सहभागिता र प्रतिनिधित्व तथा संविधानमा आदिवासी जनजातिका मुद्दाहरूको समावेश, भूमि तथा अन्य संसाधनसम्बन्धी मुद्दाहरू, आईएलओ महासन्धि नं. १६९ को कार्यान्वयन तथा आदिवासी जनजाति महिलाका अधिकारहरूबारे अन्वेषण गर्न चाहनु हुन्छ।

**कार्यदिशबाहक**

वि.सं. २०६४ चैत १३ गते मानवअधिकार परिषद्ले प्रा. एस. जेम्स अनाया (संयुक्त राज्य अमेरिका)लाई आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदकमा सुरुमा तीन वर्षको अवधिका लागि नियुक्त गरेको थियो। प्रा. अनाया एरिजोना विश्वविद्यालय (संयुक्त राज्य अमेरिका)को मानवअधिकार कानुन तथा नीतिका जेम्स जे. लेन्वा प्रोफेसर हुनुहुन्छ। उहाँले २०६५ वैशाख १९ गते विशेष प्रतिवेदकका रूपमा आफ्नो कार्य सुरु गर्नुभयो र मानवअधिकार परिषद्को ९औं अधिवेशनमा प्रतिवेदन गर्नुभयो। यस अधिवेशनको क्रममा, उहाँले आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (ए/एचआरसी/९/९)को क्रियान्वयन तथा विश्वभर मानवअधिकारको स्थितिसम्बन्धी सरकारहरूलाई पठाइएका पत्रहरू र प्राप्त उत्तरबारे प्रतिवेदन गर्नुभयो। (ए/एचआरसी/९/९/एडीडी १)

सन् २००८ अगस्टमा ब्राजिलमा गरेको भ्रमणपछि विशेष प्रतिवेदकले गरेको यो दोस्रो देशीय भ्रमण हुनेछ। उहाँले इक्वेडर, पेरु, फिनल्याण्ड र निकारागुवालगायतका देशहरूमा अरू अनेकौं कम औपचारिक कार्य भ्रमणहरू पनि गर्नुभएको छ।

**पृष्ठभूमि र कार्यदिश**

मानवअधिकार परिषद्ले विषयगत विशेष कार्यदिष्टा प्रणालीको अङ्गको रूपमा आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदकलाई सन् २००१ मा नियुक्त गर्ने निर्णय गरेको थियो। विशेष प्रतिवेदकको कार्यदिश मानवअधिकार आयोगद्वारा सन् २००४ मा र सो आयोगलाई प्रतिस्थापन गर्ने मानवअधिकार परिषद्द्वारा सन् २००७ मा नवीकरण गरिएको थियो।

मानवअधिकार परिषद् प्रस्ताव ६/१२ अनुसार, विशेष प्रतिवेदकको कार्यदिश देहायबमोजिम रहेको छः

(क) आफ्नो कार्यदिशमुताविक, आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र प्रभावकारी संरक्षणमा रहेका विद्यमान अवरोधहरूलाई हटाउने साधन र उपायहरूको अध्ययन गर्नु तथा सर्वोत्तम अभ्यासको पहिचान, आदानप्रदान तथा प्रवर्द्धन गर्नु;

(ख) सरकार, आदिवासी जनजाति तथा तिनका समुदाय र सङ्गठनहरूलगायत सबै सरोकारवालाबाट तिनका मानवअधिकार तथा मौलिक अधिकारका आरोपित उल्लङ्घनसम्बन्धी जानकारी लिनु, त्यसका लागि अनुरोध गर्नु तथा आदानप्रदान गर्नुका साथै पत्राचार गर्नु;

(ग) आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको उल्लङ्घन हुन नदिन तथा त्यसको न्यायिक उपचारका लागि उपयुक्त उपाय तथा गतिविधिहरूबारे सिफारिस र प्रस्तावहरूको तर्जुमा गर्नु;

(घ) अनावश्यक दोहोरोपनलाई पन्छाउँदै अरू विशेष कार्यदिष्टा तथा मानवअधिकार परिषद्का सहायक अङ्गहरू, सम्बद्ध संयुक्त राष्ट्रसङ्घीय निकाय, सन्धि निकाय तथा मानवअधिकरसम्बन्धी क्षेत्रीय सङ्गठनहरूको निकट सहयोगमा रहेर कार्य गर्नु;

यी विभिन्न गतिविधि सञ्चालन गर्दा सम्बद्ध सबै पात्रहरूसँग नियमित सहयोगात्मक संवाद विकास गर्न; आदिवासी जनजातिका बालबालिका तथा महिलाहरूको स्थितिप्रति विशेष ध्यान दिन; आफ्ना कार्यदिशबारेका विषयहरूमा विश्व सम्मेलन तथा सन्धि निकायका सान्दर्भिक सिफारिसहरूमाथि विचार गर्न; र आफ्नो कार्यको वार्षिक कार्यक्रममुताविक आफ्नो कार्यदिशको कार्यान्वयनसम्बन्धी प्रतिवेदन परिषद्मा पेश गर्न विशेष प्रतिवेदकलाई अनुरोध गरिन्छ।

यसका अतिरिक्त, विशेष प्रतिवेदकलाई आदिवासी जनजाति मामिलासम्बन्धी स्थायी मञ्च र मानवअधिकार परिषद्को आदिवासी जनजातिका अधिकारसम्बन्धी विज्ञ संयन्त्रहरूसँग निकट रहेर कार्य गर्न तथा उनीहरूको कार्यमा योगदान पुऱ्याउन अनुरोध गरिन्छ।

आफ्नो कार्यदिशको पूर्तिका लागि विशेष प्रतिवेदकलेः

- देशीय भ्रमण गर्नेछन् र आफ्ना निष्कर्ष तथा सिफारिसहरूबारे प्रतिवेदन प्रस्तुत गर्नेछन्।

- आदिवासी जनजातिका अधिकारहरूको आरोपित उल्लङ्घनका सम्बन्धमा सरकारसँग सूचनाको आदानप्रदान गर्नेछन् र उल्लङ्घन हुन नदिन वा न्यायिक उपचारका निम्ति निष्कर्ष तथा सिफारिसहरू उपलब्ध गराउन सक्नेछन्।

- आफ्ना प्रतिवेदनहरूमा समाविष्ट सिफारिसहरूका सम्बन्धमा अनुवर्ती गतिविधिहरू गर्नेछन।

- आदिवासी जनजातिका अधिकारको प्रवर्द्धन तथा संरक्षणसम्बन्धी विशेष महत्त्वका खास विषयहरू वा स्थितिसम्बन्धी वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेछन्।

**विशेष कार्यदिष्टासम्बन्धी संयन्त्रहरूसँग सम्बद्ध सामान्य पृष्ठभूमि**

"विशेष कार्यदिष्टा" देश विशेषको स्थिति अथवा विश्वका सबै भागमा भएका विषयगत मुद्दाहरूलाई सम्बोधन गर्न मानवअधिकार परिषद्द्वारा स्थापित संयन्त्रहरूलाई दिइएको सामान्य नाम हो। मानवअधिकार आयोगको विघटनपछि विशेष कर्यदिष्टाहरूलाई मानवअधिकार परिषद्ले वि.सं. २०६२ चैत २ गतेबाट आफूअन्तर्गत लिएको थियो।

विशेष कार्यदिष्टा भनेका व्यक्ति ("विशेष प्रतिवेदक", "महासचिवका विशेष प्रतिनिधि", वा "स्वतन्त्र विज्ञ" भनिने) या प्रायः पाँच सदस्यहरू भएका कार्यसमूह हुन्। विशेष प्रतिवेदकहरूले स्वतन्त्र विज्ञको निजी हैसियतमा सेवा पुऱ्याउँछन र आफ्ना कार्यका लागि तलब लिंदैनन्। आफ्ना कार्यहरू निष्पक्षतापूर्वक सम्पन्न गर्न स्वतन्त्र हैसियत अत्यन्त महत्त्वपूर्ण हुन्छ।

औपचारिक भ्रमणका अवसरमा, विशेष प्रतिवेदकहरूले प्रायः आफ्ना कार्यदिशसँग सम्बन्धित मुद्दाहरूको अनुगमन गर्ने, त्यसबारे सल्लाह दिने र सार्वजनिक रूपमा प्रतिवेदन गर्ने गर्दछन्। विशेष प्रतिवेदकहरूलाई आफ्ना कार्यदिशको सम्पादनमा सहयोग पुऱ्याउन कर्मचारी तथा व्यवस्थापकीय सहायता उपलब्ध गराउन मानवअधिकार उच्चायुक्तको कार्यालयलाई अधिकार प्रत्यायोजन गरिएको हुन्छ।

विशेष प्रतिवेदकको आगामी नेपाल भ्रमणका सम्बन्धमा थप जानकारी चाहिए वा प्रश्नहरू भए निकोल बियर्लर (nbjerler@ohchr.org) तथा तनुजा बस्नेत (tbasnet@ohchr.org)लाई उच्चायुक्तको कार्यालय–नेपाल (फो. नं. ९७७ १ ४२८०१६४) मा सम्पर्क गर्नुहोला।

* * *